नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
(प्रकोप व्यवस्थापन शाखा)

फोन नं. ४२६२३६५, ४२६२४६६, ४२६२३६७, ४२६२९४५, ४२६२९८४
फ्याक्स नं. ९७७-१-४२६२४३९
बबरमहल
काठमाडौं, नेपाल ।

पत्र संख्याः-२०७१/०७२
प्राप्त पत्र संख्याः-
च. नं.:- ८९

मितिः- २०७२/०२/१३

श्री Shelter Cluster Co-lead.
श्री CCCM Co-lead.
श्री Early Recovery Network Co-lead. .

**विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त विषयमा गृह मन्त्रालयको च.नं. ३७६ मिति २०७२/१/२७ गतेको पत्रसाथ प्राप्त माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७२/१/२७ गते बसेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठकको निर्णय नं. ४ "जिल्ला दैवी प्रकोप उद्धार समितिहरुले पीडितहरुलाई राहत वितरण गर्दा अनिवार्यरुपमा पारिवारिक लगत राख्ने । सबै पीडितहरुलाई दोहारो नपर्ने गरी राहत पुग्ने व्यवस्था मिलाउने । जिल्लामा जुनसुकै श्रोतबाट प्राप्त हुने राहत सामग्रीहरुको एकद्धार प्रणालीबाट लगत राखी वितरण गर्ने व्यवस्था मिलाउने । यसरी राहत वितरण गर्दा राहत प्रधान गर्ने व्यक्ति वा संघसंथाहरुले चाहेमा उनिहरुलाई वितरण प्रणालीमा संलग्न गराउने । राहत वितरणलाई पारदर्शी बनाउन सोको विवरण नियमित रुपमा सार्वजनिक गर्ने । कुनै व्यक्तिले दोहोरो पर्ने गरी वा गलत विवरण दिई राहत लिएमा र लिन सिफारिस गरेमा दुवैलाई तत्काल नियन्त्रणमा लिई ठगीको कारबाही चलाउने" । निर्णय नं. ६ "भूकम्प पीडितहरुलाई वितरण गर्न हालसम्म विभिन्न सरकारी निकाय तथा गैरसरकारी क्षेत्रबाट समेत करिब ४ लाख त्रिपाल वितरण भैसकेको प्रारम्भिक विवरण प्राप्त भएको छ । थप ३ लाख थान त्रिपालको व्यवस्था सहरी विकास मन्त्रालयले मिलाउने । सो प्रयोजनका लागि सहरी विकास मन्त्रालयले केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट आवश्यक रकम माग गर्ने" निर्णय कार्यान्वयनको लागि निर्देशानुसार अनुरोध छ ।

(सिद्धिरत्न शाक्य)
सि.डि.ई

<u>बोधार्थ</u> :-

श्री सहरी विकास मन्त्रालय, आन्तरिक व्यवस्थापन सिंहदरवार ।
श्रीमान् महानिर्देशकज्यू, सहरी विकास तथा भवन निर्माण विभाग ।
श्रीमान् उप-महानिर्देशकज्यू, सहरी विकास तथा भवन निर्माण विभाग, आवास महाशाखा ।

Email: -dudbc.drm@gmail.com